जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily

राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०६५ | २०८२ साल कार्तिक ०२ गते आईतवार | Sunday-19-October-2025 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## गौर-औरैया जोड्ने लालबकैया नदीमा बाँसको 'लचका' पुल निर्माणः स्थानीयलाई आवतजावतमा ठूलो राहत

***शु. आ. सम्बाददाता***
***रौतहट, ०१ कार्तिक***

जिल्लाको सदरमुकाम गौरलाई इसनाथ नगरपालिका औरैयासँग जोड्ने लालबकैया नदीमा स्थानीय पहलमा बाँसको अस्थायी 'लचका' पुल निर्माण गरिएको छ । वर्षायाम सकिएसँगै निर्माण गरिएको यो पुलले हाल दुई क्षेत्रका स्थानीय बासिन्दा तथा यात्रुहरूको दैनिक आवतजावतलाई सहज र सुरक्षित बनाएको हो ।

पहिले वर्षायाम भरी नदीमा पानीको बहाव उच्च हुँदा गौर र औरैया बीचको सीधा सम्पर्क टुट्ने गरेको थियो। त्यस अवस्थामा स्थानीयले जोखिम मोलेर डुङ्गाको प्रयोग गर्नुपर्ने वा लामो वैकल्पिक बाटो प्रयोग गर्नुपर्ने बाध्यता थियो। यसले गर्दा विशेषगरी बिरामी, विद्यार्थी र दैनिक उपभोग्य वस्तु ढुवानी गर्नेहरूले ठूलो सास्ती खेप्नुपरेको थियो । आवतजावतमा देखिएको कठिनाइलाई सम्बोधन



लालबकैया नदीको यो खण्डमा पक्की पुल नहुँदा स्थानीयवासीलाई हिँडडुल गर्न निकै कठिनाइ हुने गरेको थियो। हालै निर्माण गरिएको यो अस्थायी बाँसको पुलले पैदल यात्रुहरू र साना सवारी साधन (जस्तै साइकल, मोटरसाइकल) लाई नदी पार गर्न ठूलो राहत दिएको हो । स्थानीयवासीका अनुसार, पुल निर्माण भएपछि अब उनीहरूको समयको बचत भएको छ र यातायातको जोखिम पनि कम भएको हो । औरैयाबाट गौर बजारसम्म किनमेल र अन्य कामका लागि आउने जाने सर्वसाधारणलाई यो पुलले सीधा मार्ग प्रदान गरेको हो ।

स्थानीयको प्रशंसा र अपेक्षा बाँसको पुल निर्माणपछि स्थानीयले यस कार्यको उच्च प्रशंसा गरेका छन्। औरैयाका एक स्थानीयवासी शिवशंकर साहले भने, "यो पुलले हामीलाई धेरै सजिलो बनाइदिएको छ। पहिले बजारसम्म पुग्न पनि घण्टौं लाग्थ्यो, अहिले छोटो समयमै पुग्न सकिन्छ।"

यद्यपि, यो बाँसको पुल अस्थायी मात्र भएकाले अर्को वर्षायाम सुरु नहुँदासम्म मात्र प्रयोगमा आउनेछ । यसै सन्दर्भमा, स्थानीय बासिन्दा तथा अगुवाहरूले लालबकैया नदीमा स्थायी र पक्की पुल निर्माणका लागि सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराएका छन्। उनीहरूले हरेक वर्ष अस्थायी समाधान खोज्नुको सट्टा दीर्घकालीन समाधानका लागि राज्यले पहल गर्नुपर्नेमा जोड दिएका छन्।

यो अस्थायी पुलले अहिलेलाई दुई क्षेत्रबीचको सामाजिक, आर्थिक तथा व्यक्तिगत सम्बन्धलाई सुदृढ बनाउनुका साथै दैनिक जीवनमा ठूलो सहजता थपेको छ।

श्री नेपाल राष्ट्रिय आधारभुत बिधालय बिशुनपुर

सिम्रौनगढ न.पा.-०३ , बारा

मधेश प्रदेश

स्थापित - २०४६

**प्रथम पटक प्रकाशित मितिः- २०८२/०६/३१**

सुचना ! सुचना !! सुचना !!!

उपरोक्त सम्बन्धमा यस बिधालयको बिधालय ब्यवस्थापन समितिको बैठक मिति २०८२/०६/२४ गतेको निर्णय बमोजिम नगर कार्यपालिकाको कार्यालय सिम्रौनगढ नगरपालिका बाराबाट मिति २०८२/०६/२७ गतेको पत्र सँख्या २०८२/०८३ को च.न. ३०१ अनुसार बिधालयमा बिधालय कर्मचारीको रिक्त पदमा आवेदन दिन यसै सुचना द्वारा सबैमा जानकारी गराईन्छ ।

तपसिल

१. विज्ञापन नं १ (२०८२/०८३) बिधालय कर्मचारीको लागि कोटा सँख्या - १ ( एक )
२. विज्ञापन मिति: २०८२/०६/३१ गते
३. योग्यता: बिधालय कर्मचारीको लागि कक्षा ८ उतिर्ण
४. नेपाली नागरिकताको प्रतिलिपि - २ थान
५. निरोगिताको प्रमाणपत्रको प्रतिलिपि -२ थान
६. परीक्षा दस्तुर: रु ५००/- मात्र (पाँच सय मात्र)
७. निवेदन दिने स्थान: बिधालय प्रशासन शाखामा
८. निवेदनको अन्तिम म्याद: मिति २०८२/०७/१४ गते कार्यालय समयसम्म
९. सम्पर्क मिति: अन्तिम म्यादको भोलिपल्ट
१०. उमेर : ४० बर्ष ननाघेको हुनुपर्ने

नोटः अनुभव र बिशेष योग्यतालाई प्राथमिकता दिईनेछ ।

न्यामोडिन मियाँ अँसारी
प्रधानाध्यापक

## आदर्श कोतवाल गाउँपालिकामा चरम भ्रष्ट्राचारको विरोधमा आन्दोलन

***सिकिन्द्र साह***
***बारा, ०१ कार्तिक***

बारा जिल्लाको आदर्श कोतवाल गाउँपालिकामा लामो समयदेखि बढ्दै गएको चरम भ्रष्ट्राचार विरुद्ध स्थानीय बासिन्दाहरु आन्दोलनमा उत्रिएका छन् । गाउँपालिकाको बोहा, चिउटाहा, कोईलिडिह र रुपावलिया टोलका बासिन्दाले यस वर्षको दिपावलि पर्वका अवसरमा सस्तो मूल्यमा बिजुली बत्ती जडान गरिए पनि उच्च रकम निकासा गर्न खोजिएको भन्दै आक्रोश पोखेका छन् ।

स्थानीय बासिन्दा दिबेश कुमार सिंहका अनुसार, "गत वर्ष पनि सस्तो रेटको बल्ब जडान गरेर मोटो रकम निकालिएको थियो। यो वर्ष पनि त्यस्तै योजना बनाइएपछि हामी आन्दोलनमा उत्रिएका हौं।"




शनिबार बेलुका करिब ४ बजे हरनहिया चौकमा करिब ५० जना युवाहरूले मेयर र उपमेयर 'हराएको' उल्लेख गरिएको ब्यानर सहित प्रदर्शन गरेका छन् । प्रदर्शनकारीहरूले मेयर जवाहर साह बार्ताको माध्यमबाट समस्या समाधान गर्न खोजे पनि अहिलेसम्म सम्पर्कमा नआएको बताएका छन् ।

प्रदर्शनकारी प्रदीप कुशवाहाका अनुसार, "हामीले जिल्ला प्रमुख अधिकारी समक्ष ज्ञापनपत्र समेत बुझाएका छौं, तर अहिले सम्म कुनै किसिमको प्रतिक्रिया आएको छैन ।"

## हिन्दुहरुको दोस्रो महान् पर्व तिहार शनिबारदेखि विधिवत् रुपमा आरम्भ

***शु.आ. सम्बाददाता***
***कलैया, ०१ कार्तिक***

हिन्दुहरूको दोस्रो महान् पर्व तिहार शनिबारदेखि विधिवत् रूपमा आरम्भ भएको छ ।हरेक वर्ष कार्तिक कृष्ण त्रयोदशी देखि कार्तिक शुक्ल द्वितीया सम्म तिहार पर्व मनाइने गरिन्छ । यस बर्षको तिहार पर्व शनिबार देखि आरम्भ भएसँगै शनिबार दिउँसो १:२३ बजेसम्म द्वादशी र त्यसपछि त्रयोदशी तिथि लागेकोले नेपालीको दोस्रो ठुलो चाड तिहार पर्व सुरु भएको छ।

तिहार सुरु भएसँगै शनिबार धनतेरस अर्थात् धनत्रयोदशी पर्व मनाइएको छ । धनतेरस कै अवसरमा शनिबार बाराको कलैया सहित बिभिन्न बजारहरुमा सुनचाँदी पसल सहित भाँडाकुँडा पसलहरुमा सर्वसाधारणको भीड लागेको थियो । शनिबारको दिन विशेष गरी धातुको सामग्री किन्ने प्रचलन रहेको छ ।



आईतबार काग तिहार मनाईनेछ । चलाख पंक्षी मानिएको कागलाई यमराजको सन्देश सुनाउने यमदूतको प्रतीक समेत मानिन्छ । कागले अन्नबालीमा लाग्ने कीराहरू खाइदिएर कृषकको अन्नबाली नोक्सानी हुनबाट जोगाउँछ ।

फोहोर वस्तु खाइदिएर वातावरण स्वच्छ राख्नुका साथै भूकम्प वा कुनै दैवी विपत्ति आउँदा पहिले थाहा पाउने काग ग्रहण लागेका बेला कराउने गरेको छ ।

त्यस्तै सोमबार कुकुर तिहार र गाई तिहार, लक्ष्मी पूजा मनाईन्छ। यसबर्ष कुकुर तिहार र गाई तिहार एकै दिन रहेको छ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# आन्दोलनकारी र लुटेरा छुट्टयाएर कारबाही गर

जेनजी वि्रोहपछिको विध्वंस र अराजकताले उत्पन्न भय तथा असुरक्षाको बादल हटिसकेको छैन । राज्य दमनविरुद्धको आक्रोश तत्कालीन सरकार ढाल्नमा मात्र सीमित भएन, त्यसैसँग मिसिएर राष्ट्रिय सम्पदामाथि आक्रमण गरियो । सिंहदरबार, सर्वोच्च अदालत, शीतल निवासदेखि देशैभर प्रहरीचौकी र सरकारी कार्यालयमा तोडफोड, आगजनी र लुटपाट भए । उसैगरी निजी क्षेत्र, मिडिया र विद्यालयमाथि समेत हमला गरियो । नेता, प्रशासकसँगै प्रतिष्ठित उद्योग व्यवसायीका घर पनि जलाइए । झट्ट हेर्दा जनआक्रोश देखिए पनि यो एकै दिनको आवेगले मात्र भएको देखिँदैन । राज्यका प्रमुख तीन अंगका मुख्यालयमा ३ घण्टाभित्रै आगजनी गरिएको छ । प्रहरीका अधिकारीहरु रसायन आक्रमण भएको बताइरहेका छन् । लुटिएका ८ सयभन्दा धेरै आधुनिक हतियार कसले कहाँ लग्यो रहस्यमय छन् । जेनजी आन्दोलनका केही अराजक अगुवाका धम्कीले प्रहरीहरु बिटमा बस्न सक्ने अवस्था छैन । नेपाल प्रहरीको मनोबल सशस्त्र द्वन्द्वकालमा झैं खस्किएको छ ।

बितेको १० वर्ष म्युजिकल चेयरमा रहेका तीन मुख्य दलप्रतिको बुझाइ र जेनजी वि्रोहलाई हेर्ने दृष्टिकोण व्यक्तिपिच्छे भिन्न हुन सक्छ । नेतृत्वविहीन आन्दोलनका उपलब्धिको जस लिन दर्जनौं समूह मैदानमा देखिए पनि भएका गल्तीको जिम्मेवारी लिन कोही निस्केको छैन । त्यस क्रममा भएका सबै हर्कतलाई आन्दोलनकारीको थाप्लोमा थुपार्नु कलिलो पुस्तामाथि अन्याय हुन्छ । आन्दोलनमा भएको घुसपैठ, अराजक र अपराधिक समूहको संलग्नतालाई फौजदारी अपराधकै आँखाले हेरिनुपर्छ । त्यसका लागि सरकारले गठन गरेको उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन पर्खिरहनुपर्दैन । आयोग स्वयंले पनि पटकपटक सरकारलाई स्मरण गराइसकेको छ । तर घटनालगत्तै प्रहरीले अघि बढाएको कारबाही प्रभावित पार्नेगरी गृह मन्त्रालयले वक्तव्य निकालेरै आयोगले हेर्ने भनिदियो । जसका कारण अनुसन्धानका लागि पक्राउ परेका थुप्रै आरोपित छाडिए । त्यसले दण्डहीनताको स्थिति पैदा गरेको छ ।

हजारौं कैदी फरार रहेको, सयौं हतियार लुटिएको र प्रहरी प्रशासन खुम्चिएका बेला शान्ति सुरक्षाको स्थिति नाजुक बनेको छ । भयको वातावरण बनेको छ । निजी क्षेत्रले भौतिक तथा लगानी असुरक्षाको महसुस गरेको छ । चाडवाडको बेलासमेत बजार अपेक्षित चलायमान हुन सकेन । यसको मुख्य कारण देशभर व्याप्त भय-त्रास, अनिश्चितता र असुरक्षा नै हो । यो स्थिति लामो समयसम्म कायम भएमा लगानीको वातावरण बिग्रिने मात्र होइन्, पुँजी पलायनको स्थिति पनि आउन सक्छ । अतः सरकारले आन्दोलनकारी र लुटेरा समूह छुट्याएर प्रभावकारी अनुसन्धान अघि बढाउनुपर्छ । जेनजी वा अरु कुनै बाहनामा अपराधीले उन्मुक्ति पाउनुहुँदैन ।

# प्रदेश साँच्चै नचाहिएकै हो ?



*डा. दिपेश घिमिरे*

गत भदौ २३ गते जेनजी युवाले गरेको आन्दोलनपछि २४ गते विध्वंसात्मक लुटपाट तथा आगजनी भयो । यसपछि कतिपयले संघीयता त्यसमा पनि प्रादेशिक संरचनाको सान्दर्भिकता माथि प्रश्न उठाएका छन् । पहिलेदेखि नै संघीयता विरुद्ध रहेको राष्ट्रिय जनमोर्चा मात्र नभई 'अहिलेको व्यवस्था ठिक छ, अब अवस्था बदल्ने हो' भन्दै स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टी समेत घुमाउरो किसिमले प्रदेश तहको खारेजीको एजेण्डा उठाइरहेको छ ।

पछिल्लो समय जेनजीले समेत प्रदेश खारेजीको आवाज उठाइरहेका छन् । के स्थापना भएको एक दशक पनि नपुग्दै प्रदेशको सान्दर्भिकता सकिइसकेको हो ?, के हामीलाई प्रदेश नचाहिएकै हो ?

२०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहको शासकीय संरचनाको व्यवस्था गरेर तहबीच शक्तिको बाँडफाँड, जिम्मेवारी र अधिकार वितरणलाई स्पष्ट पारेको छ । संविधानले देशलाई एकात्मक र केन्द्रीकृत शासन प्रणालीबाट संघीय संरचना र अकेन्द्रीकृत शासन व्यवस्थामा रूपान्तरण गऱ्यो ।

संघीय शासन व्यवस्था स्थापना गर्नुको प्रमुख उद्देश्य शासन सञ्चालन प्रक्रियालाई अकेन्द्रीकरण गर्नु, क्षेत्रीय, भौगोलिक, जातीय आदि विविधतालाई सम्बोधन गर्नु र विगतको अत्यधिक केन्द्रीकृत शासन पद्धतिबाट नागरिकलाई मुक्त गर्नु थियो।

संघीयता कार्यान्वयन भएको दशक पनि नपुग्दै यसको संरचनागत औचित्यबारे बहस चलिरहेको छ । विशेषगरी, प्रदेश सरकारलाई लिएर संघीयताको बारेमा सार्वजनिक वृत्तमा अत्यन्तै नकारात्मक दृष्टिकोण बढेको देखिन्छ । कतिपयले प्रदेशलाई अनावश्यक र खर्चिलो संरचनाको रूपमा व्याख्या गरिरहेका छन् । उनीहरूका अनुसार प्रदेशमा प्रादेशिक संसद्, मन्त्रालय तथा पदाधिकारीहरूको ठूलो समूह रहेको छ, जसले देशमा अनावश्यक आर्थिक बोझ थपिरहेको छ ।

भद्दा कर्मचारी संरचना, उनीहरूलाई तलब भत्ता, गाडी, इन्धन, भवन, ठूलो सचिवालय र सल्लाहकार लगायत प्रशासनिक कार्यमा राज्यको ठूलो रकम खर्च भइरहेको छ भन्ने यो दृष्टिकोण राख्नेको मत छ ।

संघीयताका पक्षधर रहेकाहरू भने प्रदेशलाई संघीयताको मेरुदण्डको रूपमा व्याख्या गर्ने गर्दछन् । उनीहरू प्रदेश सरकार विना संघीयता नै नहुने वा अधुरो हुने दृष्टिकोण राख्दछन् । प्रदेशले मात्र संघ र स्थानीय सरकार बीचको पुलको काम गर्न सक्छ, विविधताको व्यवस्थापन गर्न सक्छ, र अधिकारलाई प्रभावकारी ढंगले नागरिकसम्म पुऱ्याउन सक्छ भन्ने उनीहरूको धारणा छ ।

यस अवस्थामा अहिले बहसमा आइरहेको के प्रदेश चाहिंदैन ? भन्ने प्रश्नलाई आर्थिक सवाललाई मात्र अगाडि राखेर निष्कर्ष निकाल्नु उपयुक्त हुँदैन । प्रदेश चाहिन्छ कि चाहिंदैन भन्ने बहस गरिरहँदा प्रदेशका कार्य, विगतमा द्वन्द्व व्यवस्थापनमा संघीयताले पुऱ्याएको योगदान लगायतलाई पनि अगाडि राखेर निष्कर्ष निकाल्नु उपयुक्त हुन्छ ।

प्रदेशका खास काम के हुन् ?

संविधानको अनुसूची ६ मा प्रदेशका २१ वटा एकल अधिकार सूची छन् । यसैगरी, अनुसूची ७ मा संघ र प्रदेशको २५ वटा साझा अधिकारको सूची र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको १५ वटा साझा अधिकारको सूची छन् । संविधानमा उल्लिखित एकल र साझा अधिकारको सूचीलाई मिहिन रूपमा विश्लेषण गर्ने हो र हालको शासन प्रणालीबाट प्रदेश हटाइदिने हो भने तीन वटा कुरामा मात्रै खाली हुने देखिन्छ । पहिलो यातायातका साधन कहाँ दर्ता गर्ने ? दोस्रो यातायातका साधनको कर कहाँ तिर्ने ? र तेस्रो कृषि आयमा कर कसले उठाउने ?

यसमध्ये तेस्रो अर्थात् कृषि आय कर प्रदेशले अहिले पनि उठाउन शुरु गरेको छैन । यातायात मन्त्रालयलाई संघको मातहतमा लैजाने हो भने बाँकी कुरा समस्या पर्दैन भनेर प्रदेश खारेज गर्नु उपयुक्त विकल्प हो त ? यत्ति कामको लागि मात्रै प्रादेशिक संरचनाको परिकल्पना गरिएको थियो त ?

साधारण आँखाले हेर्दा पनि प्रदेश सरकारको अस्तित्व कुनै 'फजुल खर्च' बढाउने कार्य मात्र कदापि पनि होइन । बरु संघीय प्रणालीलाई सन्तुलित बनाइराख्ने र नागरिकलाई नजिकबाट शासनको अनुभव गराउने महत्वपूर्ण संयन्त्र हो । संविधानमा लेखिएका र मर्ममा बोकिएका प्रदेशका कम्तीमा पनि ६ वटा महत्वपूर्ण काम छन् ।

१. प्रदेश अन्तर्गत रहेका स्थानीय तहहरू बीच समन्वय: नेपालमा हाल ७५३ वटा स्थानीय तह रहेका छन् । गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको रूपमा स्थापित स्थानीय तहले आफ्नो जनसंख्या, भौगोलिक अवस्था, स्रोतसाधन र प्राथमिकता अनुसार नीतिनिर्माण, योजना निर्माण र कार्यान्वयन गर्ने काम गर्दछन् । यसले नागरिकलाई नजिकबाट शासनमा सहभागी गराउने अवसर प्रदान गरेको छ । यस्तो अवस्थामा स्थानीय तहबीच कतिपय समस्या वा आवश्यकता यस्ता हुन्छन्, जसलाई एउटै तहले मात्र समाधान गर्न असम्भव हुन्छ ।

उदाहरणका लागि, नदी व्यवस्थापनलाई लिन सकिन्छ । नदी प्रायः दुई वा बढी स्थानीय तहको सीमा भएर बग्छ । एउटा स्थानीय तहले मात्र बाँध बनाएर वा तटबन्ध खडा गरेर समस्याको दीर्घकालीन समाधान गर्न सक्दैन । अर्को, क्षेत्रीय सडक सञ्जालको विस्तार हो ।

सडक विस्तार प्रायः दुई वा बढी स्थानीय तह हुँदै जान्छ । यदि एउटा स्थानीय तहले मात्र आफ्नो क्षेत्रमा सडक बनायो भने, अर्को स्थानीय तहसँग जोडिन नसक्दा त्यो सडकको उपयोगिता नै रहँदैन ।

यसैगरी; वन संरक्षण, जलाधार क्षेत्रको व्यवस्थापन लगायत विषयहरू बहु-स्थानीय तहलाई जोड्ने खालका हुन्छन् । यस्ता कार्यलाई एउटा मात्रै स्थानीय तहले नियम बनाएर सम्भव हुँदैन । साथै, एक स्थानीय तहले गरेको असल अभ्यासलाई अर्को स्थानीय तहसम्म पुऱ्याउने एकबाट अर्कोलाई सिकाउनको लागि आवश्यक समन्वय गर्ने इकाइ आवश्यक पर्दछ।

यी र यस्ता विषयलाई विभिन्न स्थानीय तहहरू बीच समन्वय, सहकार्य र साझा दृष्टिकोण बनाउने काममा प्रदेश आवश्यक छ । प्रदेशले विभिन्न स्थानीय तह बीच नीतिगत, प्राविधिक र प्रशासनिक तालमेल मिलाउने, एकअर्काको सिकाइ साझा गर्ने, विभिन्न स्थानीय तहहरूलाई एकआपसमा जोड्ने साझा प्लेटफर्म उपलब्ध गराउँदछ ।

यदि प्रदेश नहुने हो भने, सानाभन्दा साना विषयमा पनि संघीय तहले प्रत्यक्ष हस्तक्षेप गर्न सक्छ । स्थानीय तह बीचका हरेक विवाद वा समन्वयको काम संघीय तहले नै गर्नुपरेमा अत्यधिक बोझ बढ्छ । जसले गर्दा शासन प्रणालीलाई ढिलो, जटिल र प्रभावहीन बनाउँछ ।

२. दोस्रो संघ र स्थानीय तह बीचको पुलको भूमिका: संघीय संरचनाको मूल आधार भनेको अधिकार र स्रोतको बाँडफाँड हो । संघीय सरकारले राष्ट्रको दीर्घकालीन हितका लागि राष्ट्रिय नीति, कानून र रणनीति निर्माण गर्छ भने स्थानीय सरकार प्रत्यक्ष रूपमा नागरिकसँग नजिक भएर ती नीतिलाई कार्यान्वयन गर्दछन् । यद्यपि यी दुई तह बीच सधैं प्रत्यक्ष, सहज र परिणाममुखी संवाद सम्भव हुँदैन । नेपालमा मात्र नभई संसारभर संघीय शासन प्रणाली अपनाएका प्रायः सबै देशहरूमा यस्तो समस्या देखा परेको पाइन्छ । संघीय सरकारले देशभरका ७५३ वटै स्थानीय तहमा प्रत्येकसँग प्रत्यक्ष सम्पर्क राखेर समन्वय गर्न गाह्रो हुन्छ ।

अझ कतिपय अवस्थामा जनसंख्या, भौगोलिक अवस्था, आर्थिक स्रोत र सांस्कृतिक विविधताको कारण संघीय सरकारबाट सीधै स्थानीय तहमा पुग्दा नीतिहरू असमान रूपमा लागू हुने वा कार्यान्वयनमै समस्या देखिने समस्या रहन सक्छ ।

यस परिस्थितिमा प्रदेश सरकारले संघीय र स्थानीय तह बीचमा पुलको रूपमा भूमिका निर्वाह गर्दछ । उदाहरणको लागि संघीय तहले आधारभूत शिक्षा सबैको पहुँचमा पुऱ्याउने नीति ल्यायो भने त्यसलाई सीधै स्थानीय तहमा लगेर कार्यान्वयन गर्न गाह्रो हुन सक्छ ।

यस्तो नीति कार्यान्वयनको लागि प्रदेश तहले कुन पालिकामा विद्यालय खोल्ने, त्यो भूगोलमा कस्तो पाठ्यक्रम उपयुक्त हुन्छ त्यो निर्माण गर्ने लगायतको काम गर्न सक्दछ । यसैगरी; स्वास्थ्य, कृषि लगायत सवालमा पनि यसले पुलको काम गर्न सक्दछ ।

स्थानीय तहका समस्या, गुनासा, चासो र सरोकार संघीय तहले महत्व नदिने गर्न सक्दछ । तर प्रदेशले त्यही सवाल संघीय तहमा पुऱ्याउँदा सुनुवाइ हुन्छ । संघीय सरकारले बनाएको कुनै नीति वा कार्यक्रम स्थानीय तहलाई व्यावहारिक नलाग्दा, प्रदेश सरकारले स्थानीय तहको दृष्टिकोण संघीय तहसम्म पुऱ्याउँछ र बीचको व्यावहारिक समाधान खोज्नको लागि काम गर्न सक्छ ।

यसरी हेर्दा संघीय र स्थानीय सरकार बीच प्रत्यक्ष मात्र सम्बन्ध हुने हो भने, सारा जिम्मेवारी र स्रोत वितरणमा असन्तुलन आउन सक्छ । प्रदेश सरकारलाई पुलको रूपमा राख्दा संघीय संरचना व्यवस्थित हुन्छ, अधिकार वितरण सन्तुलित हुन्छ । त्यसैले नेपालमा स्थानीय र संघीय तहको समन्वय, सहकार्यको पुलको रूपमा प्रदेश सरकारको भूमिकालाई हेर्नुपर्ने हुन्छ ।

प्रदेश नभएको अवस्थामा संघ र स्थानीय सरकार बीच प्रत्यक्ष टकराव हुने सम्भावना बढी हुन्छ, स्थानीय नागरिकले साना भन्दा साना सवालमा पनि संघ विरुद्धमा आन्दोलन गर्ने अवस्था आउन सक्छ, जसले सम्पूर्ण शासन प्रणालीलाई नै कमजोर बनाउन सक्छ ।

३. मध्यवर्ती तह (बफरजोन): प्रदेश सरकारलाई संघ र स्थानीय सरकार बीचको मध्यवर्ती तह (बफर जोन) का रूपमा लिनुपर्दछ । संघीय शासन प्रणालीमा, तीन तह बीच अधिकार, स्रोत र जिम्मेवारीको बाँडफाँडमा कहिलेकाहीं अस्पष्टता हुन्छ । यसले गर्दा संघ र स्थानीय तह बीच प्रत्यक्ष टकराव वा विवाद उत्पन्न हुन सक्छ।

यस्तो अवस्थामा प्रदेश सरकारले बीचको मध्यस्थकर्ता वा सन्तुलनकर्ताको भूमिका खेल्छ ।

उदाहरणको लागि कतिपय अवस्थामा दुई वा दुईभन्दा बढी स्थानीय तहहरू बीचमा हुनसक्ने सम्भावित सिमाना विवादमा होस् वा स्रोत बाँडफाँडका क्षेत्रमा हुनसक्ने संघ र स्थानीय बीचको टकरावमा प्रदेशले मध्यवर्ती तहको भूमिका निर्वाह गर्दछ ।

अर्को उदाहरण हेरौं, महिनौंसम्म चलेको ताप्लेजुङको पाथीभरा केवलकार योजनाले उत्पन्न गरेको द्वन्द्व तथा विवाद प्रदेश सरकारले सामना गऱ्यो जसका कारण संघीय सरकारले सहज रूपमा काम गर्न पायो । विगतमा गाउँघरमा हुने सामान्य विवादमा पनि प्रधानमन्त्रीको वा मन्त्रीको राजीनामा मागिन्थ्यो अहिले त्यस्तो माग प्रदेश मन्त्री वा मुख्यमन्त्रीमा झऱ्यो ।

प्रदेश सरकार मध्यवर्ती तह (बफरजोन) को रूपमा रहँदा, संघीय शासन व्यवस्थामा उत्पन्न हुनसक्ने असन्तुलन, अव्यवस्था र अस्थिरतालाई व्यवस्थापन गर्न सहज हुन्छ ।

प्रदेश नभएको अवस्थामा संघ र स्थानीय सरकार बीच प्रत्यक्ष टकराव हुने सम्भावना बढी हुन्छ, स्थानीय नागरिकले साना भन्दा साना सवालमा पनि संघ विरुद्धमा आन्दोलन गर्ने अवस्था आउन सक्छ, जसले सम्पूर्ण शासन प्रणालीलाई नै कमजोर बनाउन सक्छ ।

४. कार्य भनेको देशमा विद्यमान विविधताको व्यवस्थापन: नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक रूपमा अत्यन्तै विविधतापूर्ण राष्ट्र हो । यहाँ १२४ भन्दा बढी जातजाति र १४२ भन्दा बढी भाषाभाषीको बसोबास रहेको छ । यही विविधता नै नेपालको सम्पत्ति र पहिचान हो । तर यही विविधता कहिलेकाहीं चुनौती पनि बन्न सक्छ । एउटै नीति र कार्यक्रमलाई सबै क्षेत्रमा समान रूपमा कार्यान्वयन गर्न खोज्दा त्यो व्यावहारिक वा प्रभावकारी नहुन सक्छ ।

यस किसिमको विविधतालाई व्यवस्थापन गर्नको लागि प्रदेश सरकारको आवश्यकता छ । संघीय सरकारले देशव्यापी नीतिहरू बनाउँदछ भने प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको भौगोलिक, सामाजिक, सांस्कृतिक, भाषिक विशेषताका आधारमा नीति, कार्यक्रम तथा योजनाहरू बनाउँदछ ।

मधेश प्रदेशमा भाषिक र सांस्कृतिक विविधता विशेष किसिमको छ । संघीय तहबाट देशभरिको लागि एकै किसिमको नीति कार्यक्रम बनाइदिंदा मधेशको विशिष्टताको सम्मान र सम्बोधन नहुन सक्छ । तर प्रदेश सरकारले स्थानीय भाषाको संरक्षण, स्थानीय संस्कृतिको प्रवर्धन र सामुदायिक चाडपर्व लगायतलाई सम्बोधन गर्दै नीति बनाउन सक्छ । यसैगरी; कर्णाली, बागमती वा सुदूरपश्चिमका सवालहरूलाई सम्बोधन गर्न पनि प्रदेश प्रभावकारी हुन्छ । अर्को महत्वपूर्ण सवाल भनेको नेपालमा मूलतः एउटै जात, धर्म, क्षेत्रका व्यक्ति कार्यकारी पदमा पुग्ने गरेका छन् । त्यसले विभिन्न जातजाति, क्षेत्रका नागरिकको अपनत्व नभएको हुन सक्छ । सत्तामा आफ्नो जस्तै अनुहार देखिएन भने बहुसांस्कृतिक देशमा द्वन्द्व निम्त्याउन सक्छ । तर, प्रदेशमा आफ्नै जातजाति, धर्म, क्षेत्रको व्यक्ति कार्यकारी पदमा पुग्ने हुँदा अपनत्व बोध हुन्छ । यो देश मेरो पनि हो भन्ने भावनामा वृद्धि हुन्छ । त्यसैले प्रदेशले विविधताको व्यवस्थापन र सम्मान गरेर मात्र विकासलाई समावेशी, न्यायपूर्ण र सन्तुलित बनाउन सक्दछ

बाँकी तेश्रो पृष्ठमा

।।।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# क्याम्बोडियामा पक्राउ परेका ६४ जना दक्षिण कोरियन नागरिक स्वदेश फिर्ता

*एजेन्सी* - क्याम्बोडियामा साइबर अपराधमा संलग्न भएको आरोपमा पक्राउ परेका ६४ जना दक्षिण कोरियन नागरिक शनिबार चार्टर्ड विमानमार्फत स्वदेश फर्किएपछि सिओलको इन्चोन अन्तर्राष्ट्रिय विमानस्थलमै पक्राउ परेका छन् ।

दक्षिण कोरियाली प्रहरीले जनाएको अनुसार, ती व्यक्तिहरू विभिन्न अनलाइन ठगी योजनामा संलग्न रहेको आशंकामा अनुसन्धानको घेरामा छन् । उनीहरूलाई विमानमा चढेपछि नै कानुनी प्रक्रियाअनुसार नियन्त्रणमा लिइएको र अब उनीहरूलाई आ-आफ्नो अपराधसँग सम्बन्धित प्रहरी कार्यालयमा लगिने जनाइएको छ।

अधिकांश व्यक्तिहरूले मास्क र टोपी लगाएका थिए र हरेकलाई दुई-दुई जना सुरक्षाकर्मीले नियन्त्रणमा लिएर विमानस्थलको आगमन कक्षतर्फ ल्याइएको टेलिभिजन फुटेजमा देखाइएको छ । धेरैजना हातकडीमा थिए तर हात बाँधिएको भाग कपडाले छोपिएको थियो ।

दक्षिण कोरियाली राष्ट्रिय अनुसन्धान कार्यालयका प्रमुख पार्क सुंग-जूका अनुसार, ती व्यक्तिहरू भ्वाइस फिसिङ, अनलाइन प्रेम ठगी, लगानीको नाउँमा गरिएको ठगी (पिग बुट्चरिङ स्क्याम) लगायतका अपराधमा संलग्न रहेको बताइएको छ । उनले भने, 'क्याम्बोडियामा लागूपदार्थको प्रयोग भएको आशंका पनि रहेकाले, सबैलाई स्ट्यान्डर्ड प्रक्रिया अनुसार ड्रग टेस्ट गरिनेछ ।' यस घटनाक्रमको पृष्ठभूमिमा एक कोरियन विद्यार्थीको क्याम्बोडियामा अपहरणपछि यातना दिई हत्या गरिएको घटना रहेको छ, जसले दक्षिण कोरियामा व्यापक जनआक्रोश जन्माएको थियो । सो विद्यार्थीको शव अगस्ट ८ मा एउटा पिकअप ट्रकभित्र फेला परेको थियो ।

दक्षिण कोरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार वी सुंग-लकले बताएअनुसार, पक्राउ परेका केही व्यक्तिहरू स्वयंले सहभागिता जनाएका थिए भने केही जबरजस्ती संलग्न गरिएका थिए ।

दक्षिण कोरियाली परराष्ट्र उपमन्त्री किम जिनाले क्याम्बोडियाली अधिकारीहरूलाई धन्यवाद दिँदै भने, 'साइबर अपराधविरुद्धको क्याम्बोडियाको निरन्तर प्रयास र हाम्रो देशसँगको सहकार्यप्रति हामी कृतज्ञ छौं ।'

सिओलका अनुसार हाल क्याम्बोडियामा करिब एक हजार कोरियन नागरिक यस्ता अनलाइन ठगी केन्द्रहरूमा कार्यरत छन्, जहाँ धेरैलाई हिंसाको धम्की दिएर जबरजस्ती काम गराइन्छ । एम्नेस्टी इन्टरनेशनलले यस्ता स्क्याम केन्द्रहरूमा मानव बेचबिखन, जबरजस्ती श्रम, यातना र स्वतन्त्रताको उल्लङ्घन भइरहेको चेतावनी दिएको छ ।

क्याम्बोडियाको साइबर अपराध आयोगका अनुसार, पछिल्लो केही महिनामा २० देशका झन्डै ३,५०० अनलाइन ठगीमा संलग्न विदेशी नागरिक पक्राउ परेका छन् र दुई हजार ८०० भन्दा बढी विदेशीलाई देशनिकाला गरिएको छ ।




## प्रदेश........

। नेपाल जस्तो विविधतायुक्त देशमा प्रदेश केवल राजनीतिक संरचना मात्र होइन बरु सामाजिक सद्भाव र सांस्कृतिक पहिचानको संरक्षणकर्ताको रूपमा पनि रहेको देखिन्छ ।

५. अधिकार तथा स्रोत-साधनको अकेन्द्रीकरण: संघीय शासन व्यवस्थाको आधारभूत सवाल भनेकै अधिकार तथा स्रोत-साधनलाई केन्द्रमा मात्र सीमित नराख्नु हो ।

संघीयतामा संविधानले नै तीनै तहलाई अधिकारको बाँडफाँड गरिदिने हुनाले यस प्रणालीलाई विकेन्द्रीकरण पनि नभनी अकेन्द्रीकरण भन्ने गरिन्छ । यस प्रणालीले नागरिकलाई आफूसँग प्रत्यक्ष रूपमा चासो र सरोकार राख्ने सवालहरूसँग सम्बन्धित निर्णयहरू नजिकबाट गर्न सक्ने अधिकार प्रदान गर्दछ ।

नेपालको संविधानले शिक्षा, स्वास्थ्य, कृषि, यातायात, स्थानीय विकास, भाषा, संस्कृतिको संरक्षण लगायत क्षेत्रमा प्रदेश सरकारलाई विशेष अधिकार प्रदान गरेको छ । यद्यपि, अहिले कतिपयले 'प्रदेश सरकार खर्चिलो छ त्यसैले चाहिँदैन' भन्ने तर्क गरिरहेका देखिन्छन् । तर नेपालमा संघीयता द्वन्द्व व्यवस्थापनको सन्दर्भमा स्थापना गरिएको शासन व्यवस्था हो । त्यसैले संघीयताबाट फर्किने र प्रदेश खारेज गर्ने भनेको झन् ठूला द्वन्द्वलाई निमन्त्रणा गर्नु जस्तै हो । दुई दिनको जेनजी आन्दोलनले ७४ जना नेपाली र खर्बौंको क्षति भोग्नु पर्‍यो ।

अहिले संघीयताबाट पछाडि फर्किने भन्यो भने मधेश, कोशी लगायत स्थानमा ठूला द्वन्द्व मच्चिन सक्छन् । धान्न र सम्हाल्नै नसक्ने द्वन्द्वको दलदलमा देश फस्न सक्छ । अनि खर्बौंको क्षति भोग्नुपर्ने हुन्छ ।

६. प्रभावकारी सेवा प्रवाह र विकास निर्माण: संघीय प्रणालीको सफलता वा असफलता मापन गर्ने मुख्य सूचक भनेको सार्वजनिक सेवाको प्रभावकारिता र गुणस्तरीय विकास निर्माण हो । नागरिकले जीवनसँग प्रत्यक्ष सम्बन्धित स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा जस्ता सेवा समयमै, उचित र प्रभावकारी रूपमा प्रदान गर्दै गुणस्तरीय विकास निर्माणका कार्य गर्ने दायित्व र जिम्मेवारी प्रदेश सरकारको हो ।

यदि यस्ता सेवा र कार्य प्रभावकारी रूपमा उपलब्ध र सञ्चालन हुँदैनन् भने संघीयता कागजमा मात्रै सीमित भई नागरिकको आक्रोश बढ्न पुग्दछ । अझ नेपालमा प्रदेश सरकारले राजनीतिक स्वार्थबाट प्रेरित हुँदै अनावश्यक मन्त्रालय तथा अन्य संरचना निर्माण गर्ने, कार्यकर्तालाई भर्ती गर्ने, ठूलो सचिवालय बनाउने, सल्लाहकारका नाममा ठूलो बजेट खर्च गर्ने गरिरहेका छन् । कमिशन लिँदै योजना बाँड्ने गरेको तथ्य बेलाबखत सार्वजनिक भइरहेका छन् ।

अहिले प्रदेश सरकार चाहिँदैन भन्ने धारणा राख्नेहरूले छैटौं बुँदामा आधारित भएर आफ्नो दृष्टिकोण बनाइरहेका छन् । तर प्रदेशको आवश्यकता र महत्व त्योभन्दा अगाडिका पाँच वटा बुँदालाई पनि ध्यान दिएर हेर्ने हो भने सहजै बुझ्न सकिन्छ ।

खर्च मात्र हेरेर प्रदेशलाई अनावश्यक संरचना भन्न मिल्दैन । बरु अहिले भइरहेको फजुल खर्च घटाउने र अनियमिततालाई अन्त्य गर्ने रणनीति तय गर्नु उत्तम हुन्छ ।

प्रदेश तह हटाउनुपर्दछ भन्ने माग गर्नेहरूले प्रदेशको नाममा भइरहेको खर्च र अनियमिततालाई उठाउने गरेका छन् । तर, खर्च मात्र हेरेर प्रदेशलाई अनावश्यक संरचना भन्न मिल्दैन । बरु अहिले भइरहेको फजुल खर्च घटाउने र अनियमिततालाई अन्त्य गर्ने रणनीति तय गर्नु उत्तम हुन्छ ।

प्रदेशमा एक जना मुख्यमन्त्री बढीमा तीन जना मन्त्री राख्ने, सल्लाहकार र सचिवालय नराख्ने, प्रादेशिक नीति तथा योजना आयोग खारेज गर्ने जस्ता काम गरेर प्रदेश संरचनालाई चुस्त बनाउन सकिन्छ । तर यसैको आधारमा प्रदेश हटाउने भन्ने कुरा व्यावहारिक हुँदैन । संघीयताको सफलता वर्षौं वर्षको अभ्यासबाट मात्र सम्भव हुन्छ ।

त्यसैले अहिले प्रदेश चाहिन्छ कि चाहिँदैन भन्ने प्रश्न आफैंमा उपयुक्त नै छैन । बरु प्रदेशलाई कसरी सक्षम, जवाफदेही, पारदर्शी र नागरिकमुखी बनाउने भन्नेमा बहस केन्द्रित गर्नु उपयुक्त हुन्छ ।

प्रदेशमा स्थापना गरिएका अनावश्यक संरचना र पदहरूको खारेजी गरी कसरी प्रभावकारी बनाउने भन्नेमा केन्द्रित हुनुपर्दछ । प्रदेशमा झाँगिँदै गएको भ्रष्टाचार तथा अनियमितताको संस्कृतिलाई कसरी अन्त्य गर्ने भन्नेमा बहस केन्द्रित हुनुपर्दछ ।

नेपालको संविधानले दिएको संघीय संरचनाको कार्यान्वयन अझै प्रारम्भिक चरणमै छ । यदि यसलाई व्यवस्थित गर्न सकियो भने प्रदेश तह सफल संघीयताको सबल मेरुदण्ड बन्नेछ ।

अतः प्रदेश चाहिन्छ, तर सक्षम, चुस्त, प्रभावकारी र सुशासनयुक्त ।

(त्रिभुवन विश्वविद्यालयमा समाजशास्त्रका उप-प्राध्यापक डा. घिमिरे भ्रष्टाचार र सुशासनका मामिलामा कलम चलाउँछन् ।)

# निर्वाचन समयमै सम्पन्न गर्न सबै पक्ष एकजुट हुन आवश्यक : प्रधानमन्त्री कार्की



*काठमाडौं, ०१ कार्तिक*

प्रधानमन्त्री सुशीला कार्कीले शनिबार शीतलनिवासमा राष्ट्रपति रामचन्द्र पौडेल, गृहमन्त्री र अन्य मन्त्रीहरूको उपस्थितिमा चारै सुरक्षा निकायका प्रमुखहरूसँग निर्वाचन तयारी र सुरक्षा अवस्थाबारे गम्भीर छलफल गरेकी छन् ।

बैठकमा आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका तयारी, सुरक्षा व्यवस्था र राजनीतिक वातावरणबारे विस्तृत समीक्षा गरिएको थियो । सबै सुरक्षा निकायका प्रमुखहरूले उच्च मनोबलका साथ शान्ति, सुरक्षा र निर्विघ्न निर्वाचन सुनिश्चित गर्न पूर्ण तयारी रहेको जानकारी गराएका छन् ।

प्रधानमन्त्री कार्कीले राजनीतिक तहबाटै निर्वाचनमैत्री वातावरण बनाउन पहल भइरहेको र दलहरूसँग संवाद सुरु भएको बताइन् । उनले सहज राजनीतिक निकास र लोकतान्त्रिक अभ्यास सुदृढीकरणका लागि निर्वाचन समयमै सम्पन्न गर्न सबै पक्ष एकजुट हुन आवश्यक रहेको उल्लेख गरेकी छन् ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# बारा-पर्सामा हैजाविरुद्धको खोप ७१ प्रतिशतले लगाए

*बारा, ०१ कार्तिक*

बारा र पर्सा जिल्लामा स्वास्थ्य विभागको हैजाविरुद्धको खोप अभियान अन्तर्गत कुल लक्षित जनसङ्ख्याको ७१ प्रतिशतले खोप लिएको छ। स्वास्थ्य सेवा विभागअन्तर्गत बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमका अनुसार, दुवै जिल्लामा १० लाख १८ हजार ६० जनामध्ये सात लाख २३ हजार ८३६ जनाले खोप लिइसकेका छन्।



प्रारम्भिक तथ्याङ्कअनुसार पर्सामा अभियान सुरु भएको छैठौं दिनसम्म छ लाख ५२ हजार १२९ जनामा चार लाख ५६ हजार ७७८ जनाले खोप प्राप्त गरेका छन्। बारामा तीन लाख ६५ हजार ९३१ जनामध्ये दुई लाख ६७ हजार ५८ जनाले खोप लिएका छन् । पर्सामा फैलिएको हैजा महामारीको प्रभावलाई मध्यनजर गर्दै अभियानमा पर्साका सबै स्थानीय तह र बारासँग सिमाना जोडिएका छ वटा स्थानीय तह, कलैया उप-महानगरपालिका, जितपुर-सिमरा उप-महानगरपालिका, परवानीपुर, प्रसौनी, फेटा र विश्रामपुर गाउँपालिकाका एक वर्ष उमेर माथिका सबैलाई खोप दिइएको छ। असोज २६ देखि पर्सामा र २७ देखि बारामा सुरु भएको अभियान स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्था, मन्दिर-मस्जिद, बसपार्क, नेपाल-भारत सीमा नाका, उद्योग र कारखानामा सक्रिय रूपमा सञ्चालन भइरहेको डा. गौतमले बताए। उनले भने, "हामी अभियानलाई निरन्तरता दिँदैछौं र तिहारपछि पनि आवश्यकताअनुसार खोप प्रदान गर्ने योजना छ।" नेपाल सरकारले पर्सा र बारामा देखिएको हैजा महामारीको उच्च जोखिमलाई ध्यानमा राखी यो खोप अभियान सञ्चालन गरेको हो।

# मानमत-कलैया-मटिअर्वा सडक अलपत्र पार्ने ठेकेदारलाई सोधियो १५ दिने स्पष्टीकरण, ठेक्का तोड्ने सम्म चेतावनी

*बारा, ०१ कार्तिक*

बाराको सदरमुकाम कलैयास्थित मानमत-कलैया-मटिअर्वा हुलाकी सडक खण्डअन्तर्गत पर्ने कलैया बजार क्षेत्रको करिब साढे ३ किलोमिटर सडक निर्माण कार्यमा ढिलाइ गरेको भन्दै वीरगञ्जस्थित हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयले ठेकेदार कम्पनीलाई कडा चेतावनी दिएको छ । निर्देशनालयले श्री सप्तकोसी जलाधार-ओम साई एन्ड कम्पनी जेभीलाई ठेक्का सम्झौता रद्द गर्ने सम्भावनासहित १५ दिनभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएको हो। असोज ३१ गते जारी सूचनामा निर्देशनालयले ठेकेदार कम्पनीले पटक-पटक सम्झौता मिति र निर्देशनहरू उल्लङ्घन गरी काममा ढिलाइ गरेको उल्लेख गर्दै ठेक्का सम्झौता किन रद्द नगर्ने भन्ने विषयमा कारण बताउन चेतावनी दिएको छ।



सडक खण्डअन्तर्गत पर्ने कलैया बजार क्षेत्रको साढे ३ किलोमिटर सडक निर्माणको जिम्मा पाएको उक्त कम्पनीको प्रगति असन्तोष जनक रहेको निर्देशनालयले जनाएको छ।

निर्देशनालयका अनुसार, ठेकेदार कम्पनीले तोकिएको समय सीमाभित्र काम अगाडि नबढाउँदा स्थानीयवासी र व्यवसायीहरूले धुलो र हिलामयको सास्ती खेप्नुपरेको छ।

निर्देशनालयले ठेकेदारलाई १५ दिनभित्र स्पष्ट कारणसहित स्पष्टीकरण पेस गर्न र निर्माण कार्य तत्काल अगाडि बढाउन निर्देशन दिएको छ। तोकिएको समयमा सन्तोषजनक जवाफ नदिइएमा वा काम सुरु नभएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ र सम्झौता धारा ७२.१ बमोजिम आवश्यक कारबाही अघि बढाइने सूचनामा स्पष्ट उल्लेख छ । ठेक्का सम्झौता रद्दसम्मको प्रावधान समावेश छ।

यसैबिच स्थानीय युवाहरूले सडक निर्माणको माग गर्दै हस्ताक्षर अभियानसमेत सञ्चालन गरेका छन् । एक दशकदेखि अलपत्र रहँदा स्थानीयवासीले आक्रोश व्यक्त गर्दै हस्ताक्षर अभियान सुरु गरेका हुन्। शुक्रबार साँझदेखि सुरु भएको हस्ताक्षर अभियानमा हालसम्म २५० भन्दा बढी स्थानीयवासीले सहभागिता जनाइसकेका छन्। अभियानको नेतृत्व स्वतन्त्र युवाहरू सौरभ चौगाइ, सौरभ पाण्डे, सुमित पटेल, बिक्की गुप्ता, सुरज साह, अमित तिवारी, सञ्जय चौधरीलगायतले गरेका छन्।

अभियानका अगुवा सौरभ चौगाइले सडक निर्माणमा भएको ढिलाइप्रति गहिरो चिन्ता व्यक्त गरे। उनले भने, "यो सडक हाम्रो बजारको मुख्य हिस्सा हो, तर वर्षौंदेखि अधुरो छ। ठेक्का लागेको धेरै समय बितिसक्दा पनि काम अगाडि बढेको छैन । धुलो र हिलोले स्थानीयवासी र व्यवसायीहरूको दैनिकी कठिन भएको छ। हामीले यो अभियानमार्फत सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छौँ।"

सडक निर्माणमा भएको ढिलाइले बजार क्षेत्रका व्यवसायीहरूको व्यापारमा समेत नकारात्मक असर परेको छ । धुलो र असुविधाले ग्राहकहरूको आवागमन घट्दा व्यवसायीहरू मारमा परेका छन् । स्थानीयवासीहरूले सडक निर्माण कार्य तत्काल अगाडि बढाउन र समस्याको समाधान गर्न माग गरेका छन्।

हस्ताक्षर अभियानमा सहभागीहरूले सडक निर्माण सम्पन्न नहुँदासम्म आफ्नो आन्दोलन जारी राख्ने बताएका छन्। उनीहरूले सम्बन्धित निकायसँग तत्काल ठोस कदम चाल्न र सडक निर्माण कार्यलाई पूर्णता दिन आग्रह गरेका छन्। सँम्भार: यात्रा डेली

# चन्द्रनिगाहपुर प्रहरी भवन स्थानीयको सहयोगमा पुनःनिर्माण, प्रहरीलाई हस्तान्तरण

*रौतहट, ०१ कार्तिक*

गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा आगजनी र तोडफोडबाट पूर्ण रूपमा क्षति भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको भवन स्थानीयवासीको सक्रिय सहयोगमा पुनःनिर्माण भई औपचारिक रूपमा प्रहरीलाई हस्तान्तरण गरिएको छ।




शनिबार एक विशेष कार्यक्रमका बिच भवन हस्तान्तरण गरियो। कार्यक्रमकी प्रमुख अतिथि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रमुख डीएसपी रुपा लाबुङले भवन पुनःनिर्माणमा सहयोग गर्ने सम्पूर्ण दाताहरूप्रति आभार व्यक्त गरिन् । उनले यो भवन समुदायको सुरक्षा र सहअस्तित्वको प्रतीक भएको बताइन् ।

पुनःनिर्माणमा सक्रिय रुपेश जैसवालले खर्च विवरण सार्वजनिक गर्दै नगद ७ लाख २८ हजार ४५१ सहित करिब ४ लाख बराबरको जिन्सी सामग्री सहयोग प्राप्त भएको जानकारी दिए। निर्माणमा खर्च कटाएर चन्दा सङ्कलन पश्चात पनि २ लाख ५२ हजार तिर्न बाँकी रहेको उनले बताए।

स्थानीय समाजसेवी तेज विक्रम कार्कीले भवन पुनःनिर्माणलाई नागरिक र सुरक्षाकर्मीबीचको विश्वास र सहकार्यको उदाहरणको रूपमा लिए। निर्माणमा सक्रिय योगदान पुऱ्याउने सञ्जय कार्की, हर्क मोक्तान, रुपेश जैसवाल र बलराम भण्डारीलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो। इलाका प्रहरी कार्यालयले अब पुनःनिर्मित भवनबाट नियमित सेवा सञ्चालन गर्ने जनाएको छ।

# रौतहटको झाँझ नदीमा डुबेर दुई जना बालकको मृत्यु

*रौतहट, ०१ कार्तिक*

रौतहटको झाँझ नदीमा नुहाउन गएका दुई जना बालकको डुबेर मृत्यु भएको छ ।



शनिबार गरुडा नगरपालिका-५ शिवनगरस्थित झाँझ नदीमा सो घटना भएको प्रहरीले जानकारी दिएको छ। जिल्ला प्रहरी कार्यालय गौरका प्रहरी नायब उपरीक्षक (डीएसपी) राजु कार्कीका अनुसार मृत्यु हुने बालकहरू देवाही गोनाही नगरपालिका-३ का हुन् । उनीहरू १० वर्षीय निरज साह र सोही उमेरका अर्का अर्जुन साह रहेका छन् । नदीमा बालकहरू डुबेको देखेपछि स्थानीयले तत्काल उद्धार गरी शिवनगरस्थित संजिवनी अस्पताल पुऱ्याएका थिए । तर, अस्पताल पुऱ्याइएका दुवै जना बालकलाई चिकित्सकले मृत घोषित गरेको प्रहरीले जनाएको छ। घटनाबारे जिल्ला प्रहरी कार्यालय रौतहटले थप अनुसन्धान गरिरहेको जनाएको छ।

# पर्सामा १२ लाखभन्दा बढीको पटाका नष्ट

*बिरगंज, ०१ कार्तिक*

जिल्ला प्रहरी कार्यालय पर्साले दशैंदेखि तिहारसम्मको समयमा १२ लाख रुपैयाँभन्दा बढी मूल्य बराबरको अवैध पटाका बरामद गरी नष्ट गरेको छ। प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता हरिबहादुर बस्नेतका अनुसार वीरगंज सहित जिल्लाका विभिन्न स्थानहरूबाट चेकजाँच र गस्तीका क्रममा पटाका बरामद गरिएको हो ।



"दशैंदेखि तिहारको बीचमा हामीले १२ लाख रुपैयाँभन्दा बढीको पटाका बरामद गरेका छौं," डिएसपी बस्नेतले बताए । उनका अनुसार मुख्यतया गस्ती, सडकमा हुने सवारी चेकजाँच तथा मातहतका प्रहरी कार्यालयमार्फत विभिन्न स्थानहरूमा गरिएको निगरानीका क्रममा ती पटाका फेला पारिएको हो। बरामद गरिएका सबै पटाका शनिबार जिल्ला प्रहरी कार्यालय पर्साको प्रांगणमा खाल्डोमा पुरेर सुरक्षित रूपमा नष्ट गरिएको डिएसपी बस्नेतले जानकारी दिए।

अवैध रूपमा बिक्रीवितरण र प्रयोग हुने विस्फोटकजन्य वस्तुहरूले दुर्घटना तथा आपराधिक घटनाको जोखिम बढाउने भएकाले प्रहरीले निगरानी बढाएको जनाएको छ। प्रहरीले आम नागरिकलाई अवैध पटाका बिक्री, खरिद वा प्रयोग नगर्नसमेत आग्रह गरेको छ।

# आयल निगमका टंयाकरहरु राजमार्गमै, बस्ती र सडक जोखिममा

*बारा, ०१ कार्तिक*

नेपाल आयल निगम अम्लेखगञ्ज डिपोबाट पेट्रोलियम पदार्थ लोड भएका टंयाकरहरू जथाभावी पार्किङ गरिँदा दुर्घटनाको जोखिम बढेको छ।



डिपोबाट दैनिक करिब ३ सय पेट्रोल, डिजेल र मट्टीतेल बोकेका टंयाकरहरू छुट्ने गर्छन् । काठमाडौँ, पोखरा, भैरहवा, विराटनगर, जनकपुरका लागि छुटेका गाडीहरू चालक, सहचालकहरूले पूर्व-पश्चिम राजमार्गअन्तर्गत अम्लेखगञ्ज सडकखण्डको २ किलोमिटर क्षेत्रमा जथाभावी पार्किङ गर्ने गरेका हुन्।

एक वर्षदेखि पाइपलाइनबाट पेट्रोलियम पदार्थ ल्याउन थालिएपछि प्रादेशिक डिपो अम्लेखगञ्जमा सवारीका चाप ह्वात्तै बढेको छ । जीतपुर सिमरा उपमहानगरपालिका-२१ का वडाध्यक्ष सुभाष श्रेष्ठ यसरी अतिप्रज्वलनशील पदार्थ बोकेका सवारी साधनका कारण सडक र बस्तीमा जोखिम बढेको बताउँछन् ।

'निगमले सवारी व्यवस्थापन गर्नुभन्दा झारा टार्ने काम मात्रै गरेको छ, मुख्य राजमार्गमा मान्छे हिड्ने ठाँउ छैन, जताततै टंयाकर पार्किङ गरेपछि धेरै समस्या भएको छ,' वडाध्यक्ष श्रेष्ठले भने, 'पहिला यस्तो समस्या थिएन, थोरै गाडी आउँथ्यो, अहिले पाइपलाइनबाट तेल आउन थालेपछि देशभरका ३/४ सय टंयाकर यहीँ आउछन् ।'

लोड भएर निश्चित ठाउँका लागि छुटेका टंयाकरका चालकहरूले खर्च बचाउन सडक र बस्तीमै गाडी राख्ने गरेका हुन् । 'निगमले पाइपलाइन विस्तार गर्नुभन्दा पहिला नै पार्किङ व्यवस्थापन गनुपथ्र्यो,' वडाध्यक्ष श्रेष्ठले भने, 'यो निगमको समस्या र जिम्मेवारी हो, स्थानीय तहले यस्मा समाधान गरिदिनुपऱ्यो भनेर हुन्छ ?

यस विषयमा शुक्रबार वडा कार्यलयमा स्थानीय जनप्रनितिधि, आयल निगम, सुरक्षा निकायका प्रतिनिधि, टंयाकर ढुवानी व्यवसायी संघ, नेपाल यातायात चालक संघबिच छलफल भएको थियो । उक्त छलफलमा राजमार्गको दायाँबायाँ टंयाकर नराख्ने निर्णय भएको थियो । साथै त्यसो गरेको पाइए कारबाही गरिने पनि लिखित सहमति भएको थियो ।

अखिल नेपाल मजदुर यातायात संघका अध्यक्ष मानसिङ लामाले अम्लेखगञ्जबाट लोड भएर छुटेका गाडीहरू काठमाडौं जान आठदेखि १० दिनमा पालो आउने भएकाले सडकमै पार्क गर्नु बाध्यात्मक अवस्था भएको बताए ।

'लोड भएको गाडी आफ्नो घरमा लगेर राख्न मिल्दैन, निगमको आफ्नो पार्किङ छैन,' लामाले भने, 'खाली गाडीमा समस्या छैन, लोड भएका टंयाकरहरू राख्न ठुलो समस्या हुन्छ ।'

निगमले एकैपटक १५० देखि दुई सय वटासम्म टंयाकरहरू पार्किङ गर्न सक्नेगरी ठाउँको व्यवस्थापन गर्नुपर्ने ढुवानी व्यवसायीहरूको माग छ । 'दैनिक तीन सय गाडी लोड हुने निगममा पार्किङ गर्ने ठाउँ छैन,' उनले भने ।

यता निगम मधेश प्रादेशिक कार्यालय अम्लेखगञ्जका प्रमुख प्रलयङ्गर आचार्य भने निगमबाट लोड भएर छुटेका गाडीहरूलाई पार्किङ आवश्यक नभएको बताउँछन्। निश्चित डिपोका लागि लोड भएका गाडीहरू राजमार्गमा राख्न नमिल्ने पनि उनको भनाइ छ । 'उनीहरूलाई सम्बन्धित ठाउँ; थानकोट, भैरहवा, विराटनगर कहाँ जाने हो, त्यहीँ पार्किङको व्यवस्था छ,' उनले भने, 'अब पार्किङको लागि जग्गा खोज्ने भन्ने पछिको कुरा हो, सरकारले बजेट दिन्छ/ दिँदैन यसै भन्न सकिँदैन ।'

आयल निगमले यसअघि पार्किङकै लागि अम्लेखगञ्ज डिपोसँगै रहेको नेपाल बिटुमिन र नेपाल सिलिन्डर प्रालिको पाँच बिघाभन्दा धेरै जग्गा खरिद गर्ने चर्चा गरे पनि निश्चित भने हुन सकेको छैन । उक्त जग्गा खरिदका लागि निर्वतमान प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीको नेतृत्वमा पटक-पटक छलफल भएको थियो । सँम्भार: रातोपाटी

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा